# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ७, संख्याः १२, भाद्र २४ गते, २०८० साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको निर्देशिका स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगरपालिका उत्कृष्ट शिक्षक कर्मचारी सम्मान कार्यक्रम सञ्चालन निर्देशिका, २०८०

कार्यापालिकाबाट स्वीकृत मितिः २०८०।५।२२

**प्रस्तावना :** व्यास नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरूमा कार्यरत उत्कृष्ट शिक्षक तथा कर्मचारीहरूलाई प्रोत्साहन एवं सम्मान गर्नेका लागिआवश्यक भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाले यो निर्देशिका जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम "व्यास नगरपालिका उत्कृष्ट शिक्षक तथा कर्मचारी  सम्मान कार्यक्रम सञ्चालन निर्देशिका,२०८०" रहेको छ ।

(२) यो निर्देशिका व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा;

(क) "छनौट समिति" भन्नाले दफा ५ बमोजिम गठित उत्कृष्ट शिक्षक तथा कर्मचारी छनौट समिति सम्झनु पर्छ ।

(ख) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनु पर्छ ।

(ग) "कार्यपालिका"  भन्नाले व्यास नगरपालिका नगर कार्यपालिका सम्झनु पर्छ ।

(घ) "प्रमुख" भन्नाले व्यास नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(ङ) "उपप्रमुख" भन्नाले व्यास नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले व्यास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(छ) "वडा अध्यक्ष" भन्नाले व्यास नगरपालिकाको १ देखि १४ नं. वडाका निर्वाचित वडा अध्यक्ष सम्झनु पर्छ ।

(ज) “शाखा” भन्नाले व्यास नगरपालिका अन्तरगत रहेको शिक्षा तथा सामाजिक विकास शाखा सम्झनु पर्छ ।

(झ) “शिक्षक” भन्नाले व्यास नगरपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा प्रधानाध्यापक सम्झनु पर्छ ।

(ञ) “कर्मचारी” भन्नाले व्यास नगरपालिका भित्रका पुरस्कृत हुन योग्यता पुगेका सामुदायिक विद्यालयमा कार्यरत कर्मचारी सम्झनु पर्छ ।

३. **उद्देश्य** : यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम रहेका छन्:

(क) उत्कृष्ट शिक्षक तथा कर्मचारी सम्मान कार्यक्रमलाई पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन गर्ने,

(ख) तोकिएका आधार र मापदण्ड बमोजिम उत्कृष्ट शिक्षक तथा कर्मचारी छनौट गरी पुरस्कृत गर्न सहयोग गर्ने,

(ग) उत्कृष्ट छनौट हुने शिक्षक तथा कर्मचारीहरुबाट शैक्षिक गुणस्तर सुधार गर्न मार्गदर्शन गर्ने ।

४. **निर्देशक समिति** : उत्कृष्ट शिक्षक तथा कर्मचारी छनौटको अन्तिम निर्णय एवं छनौट समितिलाई आवश्यक निर्देशन दिन नगरपालिकामा देहाय बमोजिमको एक निर्देशक समिति रहनेछ ।

(क) प्रमुख - संयोजक

(ख) उपप्रमुख - सदस्य

(ग) सामाजिक सेवा तथा सुशासन समितिका संयोजक - सदस्य

५. **छनौट समिति** : (१) नगरपालिकाका प्रत्येक सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरु मध्ये उत्कृष्ट शिक्षक तथा कर्मचारी छनौटका लागि देहाय बमोजिमको एक छनौट समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतस्तरको कर्मचारी -सदस्य

(ग) शिक्षा तथा सामाजिक विकास शाखा प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले नगर शिक्षा समितिका माध्यमिक तह स्तरका निबृत शिक्षकलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

६. **छनौट समितिको काम, कर्तव्य** : दफा ५ बमोजिम गठित समितिको काम, कर्तव्य देहाय बमोजिम हुनेछ :

(क) नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुबाट प्राप्त सिफारिसको आधारमा दफा ७ का अतिरिक्त अन्य आवश्यक थप सूचक तथा मापदण्ड तयार गरी उत्कृष्ट शिक्षक तथा कर्मचारी मूल्याङ्कन गर्ने,

(ख) उत्कृष्ट शिक्षक तथा कर्मचारीहरुलाई दिइने पुरस्कार तथा प्रमाणपत्रको मापदण्ड तयार गर्ने,

(ग) उत्कृष्ट शिक्षक तथा कर्मचारीको नाम छनौट गर्ने,

(घ) प्रस्तावित उत्कृष्ट शिक्षक तथा कर्मचारीको सूची निर्देशक समिति समक्ष पेश गर्ने ।

७. **उत्कृष्ट शिक्षक तथा कर्मचारी छनौटका आधारहरु** : (१) उत्कृष्ट शिक्षक तथा कर्मचारी छनौटका आधार तथा मापदण्डहरु देहाय बमोजिम हुनेछ :

| सि. नं. | छनौटका शीर्षक | योग्यता | योग्यता अंक | पूर्णाङ्क |
|---|---|---|---|---|
| १ | कार्य अनुभव | ५ वर्ष भएमा | ५ | १२ |
| | | ७ वर्ष भएमा | ७ | |
| | | १० वर्ष वा सोभन्दा बढी भएमा | १२ | |
| २ | सिकाइ उपलब्धि | पछिल्लो ३ वर्षको औषतजि.पि.ए. न्यूनतम १.५ आएमा  १० | १० | २० |
| | | पछिल्लो ३ वर्षको औषत जि.पि.ए. न्यूनतम २ आएमा | १५ | |
| | | पछिल्लो ३ वर्षको औषत जि.पि.ए. न्यूनतम २ भन्दा बढी आएमा | २० | |
| ३ | शैक्षिक योग्यता | सम्बन्धित तहको शैक्षिक योग्यता प्रथम श्रेणी भएमा ३ अंक र माथिल्लो तहको शैक्षिक योग्यता प्रथम श्रेणी भएमा ३ अंक | ६ | ६ |
| | | सम्बन्धित तहको शैक्षिक योग्यता द्धित्तीय श्रेणी भएमा | २ | |
| | | माथिल्लो तहको शैक्षिक योग्यता द्धित्तीय श्रेणी भएमा | २ | |
| | | सम्बन्धित तहको न्यूनतम शैक्षिक योग्यता भएमा | १ | |
| ४ | विशेष जिम्मेवारी | विद्यालयले जिम्मेवारी प्रदान गरेमा | ५ | ५ |
| ५ | प्रवर्धनात्मक कार्यक्रम | बढीमा ५ वटा कार्यहरु गरेमा | १० | १० |
| ६ | अध्ययन अनुसन्धान | पछिल्लो ३ वर्षमा कम्तिमा ३ वटा अनुसन्धान गरेमा | ६ | १० |
| | | पछिल्लो ३ वर्षमा कम्तिमा ३ वटाभन्दा बढी अनुसन्धान गरेमा | १० | |
| ७ | आइ.सि.टि. प्रयोग | विद्यालयमा अध्यायन अध्यापन कार्यमा आइ.सि.टि. को पर्याप्त प्रयोग गरेको पाइएमा | ५ | ५ |
| | | आइ.सि.टि.को प्रयोग गर्न सक्षम भएमा | २ | |
| ८ | विद्यार्थी संख्या | अध्यपन गरेको विद्यालयमा विद्यार्थी संख्या ५० भएमा | १ | ३ |
| | | अध्यपन गरेको विद्यालयमा विद्यार्थी संख्या ५० देखि १०० भएमा | २ | |
| | | अध्यपन गरेको विद्यालयमा विद्यार्थी संख्या १०० भन्दा बढी भएमा | ३ | |
| ९ | अभिभावकत्व | अध्यपन गरेको विद्यालयमा आफ्नो बच्चा अध्ययन गरेको भएमा | १० | १० |
| | | अध्यपन गरेको विद्यालयमा आफ्नो बच्चा | ५ | |

| | | | | |
|---|---|---|---|---|
| | | अन्यत्र सामुदायिक विद्यालयमा अध्ययन गरेको भएमा | | |
| १० | कक्षाकोठा व्यवस्थापन | निरन्तरगृहकार्य परीक्षण, मासिक परीक्षा, एकाइ परीक्षा लिएमा तथा दैनिक पाठ योजना निर्माण गरी कक्षा सञ्चालन गरेमा | १३ | १३ |
| | | निरन्तर गृहकार्य परीक्षण, दैनिकपाठ योजना निर्माण गरी कक्षा सञ्चालन गरेमा | ११ | |
| | | कक्षा कोठाको भौतिक तथा शैक्षिक व्यवस्थापन उत्कृष्ट बनाएमा | ९ | |
| ११ | बाह्य मूल्याङ्कन | नगर शिक्षा अधिकारीबाट प्राप्त अधिकतम अंक | ६ | ६ |
| | | नगर शिक्षा अधिकारीबाट प्राप्त न्यूनतम अंक | २ | |
| | | | जम्मा पूणाङ्क | १०० |

सूचक :

१. कार्य अनुभव अन्तर्गत अस्थायी नियुक्ति समेतको अवधिलाई गणना गरिनेछ ।

२. शिक्षकले अध्यापन गर्दा प्राप्त भएको विद्यार्थीहरुको सिकाइ उपलब्धि विद्यालयबाट प्रमाणित गरी पेश गर्नु पर्नेछ । सिकाइ उपलब्धिका लागि कक्षा ३, कक्षा ५, कक्षा ८, कक्षा १० र कक्षा १२ को वार्षिक सिकाइ उपलब्धि सम्बन्धित विद्यालयबाट प्रमाणित गरी पेश गरेमा मूल्याङ्कनमा राखिनेछ ।

३. शैक्षिक योग्यता अन्तर्गत माथिल्लो तहको शैक्षिक योग्यतामा तृतीय श्रेणीलाई मान्यता दिइने छैन ।

४. विशेष जिम्मेवारी अन्तर्गत प्रधानाध्यापकको हकमा निजको प्रशासनिक कार्यलाई मूल्याङ्कनको आधार बनाइने छ । प्रधानाध्यापकले शिक्षकलाई दिने विशेष जिम्मेवारीमा शिक्षकले जिम्मेवारी वहन गरेवापत वहन गरेको जिम्मेवारीको सार संक्षेप विद्यालय प्रशासनलाई पेश गरी प्रधानाध्यापकले सो बारे प्रमाणित गरी सिफारिस गर्नु पर्नेछ ।

५. शिक्षकले गरेको प्रवर्धनात्मक कार्य अन्तर्गत ति कार्यहरु शैक्षिक गुणस्तर सुधार तथा विद्यार्थी भर्नादर वृद्धिका लागि गरेको हुनुपर्ने तथा ती कार्यहरुले सेवा क्षेत्रका अभिभावकलाई पारेको प्रभावको बारेमा संक्षिप्त प्रतिवेदन पेश गरेको र विद्यालय प्रशासनबाट प्रमाणित भएको हुनु पर्नेछ ।

६. अध्ययन अनुसन्धान अन्तर्गत विद्यालयमा शैक्षिक गुणस्तर सुधारका लागि शिक्षकले वार्षिक रुपमा तयार गरेको कार्यमूलक अनुसन्धानको प्रतिवेदन तथा विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि भएको अभिलेख विद्यालय प्रशासनबाट प्रमाणित गरि पेश गर्नु पर्नेछ ।

७. आइ.सि.टि. प्रयोग अन्तर्गत शिक्षकको कक्षा शिक्षण प्रविधिमैत्री भएको भनी प्रधानाध्यापकद्धारा प्रमाणित भएको हुनु पर्नेछ ।

८. विद्यार्थी विवरण विद्यालयले फरक नपर्ने गरी प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

९. अभिभावकत्व अन्तर्गत सम्बन्धित शिक्षकको एकाघर परिवारको छोरा छोरी हाल अध्ययन गरेको विद्यालयबाट प्रमाणित गरी सिफारिस पेश गर्नु पर्नेछ ।

१०. कक्षा कोठा व्यवस्थापन अन्तर्गत सम्बन्धित कक्षाको कक्षाकोठाको पूरा चित्र आउने गरी फोटो सहित कक्षा शिक्षण गरेको प्रमाण पेश गर्नु पर्नेछ ।

११. अनुगमनका क्रममा विद्यालयमा फेला परेका शिक्षकका विविध प्रगति तथा कार्यदक्षताका आधारमा अनुगमनकर्ताले तोकिएकोपरिधि भित्र रही अंक दिनेछ ।

**८.** **विद्यालय प्रशासनको काम** : (१) यस निर्देशिकामा उल्लेखित कार्य प्रयोजनार्थ सम्बन्धित विद्यालयमा कार्यरत शिक्षकहरुका लागि सूचना जानकारी गराउनु पर्नेछ ।

(२) विद्यालयमा कार्यरत कार्यालय सहायक तथा कार्यालय सहयोगीहरुको हकमा विद्यायल प्रशासनबाट आवश्यक जानकारी गराउनु पर्नेछ ।

**९.** **प्रचलित कानुन बमोजिम हुने** : यस निर्देशिकामा उल्लेखित विषयको हकमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**१०.** **संशोधन** : नगर कार्यपालिकाले आवश्यकता अनुसार यस निर्देशिका संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

**आज्ञाले**
गंगालाल सुबेदी
प्रमुख प्रशासकीय अधिकृत